सुचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ र सुचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**२०८१ श्रावण देखि २०८१ असोज मसान्त सम्म**

सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

**स्वत: प्रकाशन**

**(proactive Disclosure)**

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**

# बलरा बहुप्राविधिक शिक्षालय

**बलरा न.पा.-४, सर्लाही**

**मधेश प्रदेश**

**स्था.-२०७७**

Email:balaractevt@gmail.com Website: www.bpictevt.edu.np

Phone No.-046-420020 Mobile no. : 9854044020

# Table of Contents


१. शिक्षालयको स्वरूप र प्रकृति ........ 3

२. शिक्षालयको काम कर्तव्य र अधिकार ........ 3

३. शिक्षालयको संगठन संरचना, कर्मचारी संख्या र कार्य विवरण ........ 4

३.१ शिक्षालय संचालक समिति : ........ 4

३.२ शिक्षालय व्यवास्थापन समिति : ........ 4

३.३ शिक्षालय संगठन संरचना : ........ 5

३.४ कर्मचारी संख्या : ........ 5

३.५ कार्य विवरण : ........ 6

४ . शिक्षालयवाट प्रदान गरिने सेवा, लाग्ने दस्तुर अवधि ........ 6

५ . निर्णय गर्ने प्रक्रिया र अधिकारी ........ 6

६ . निर्णय उपर उजुरी सुन्ने अधिकारी ........ 7

८. सम्पादन भएका मुख्य कार्यहरुको विवरण ........ 7

९. सुचना अधिकारी र प्रमुखको नाम र पद ........ 8

१०. ऐन, नियम वा निर्देशिकाको सूची ........ 8

११. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्यावधिक विवरण ........ 9

११.१ स्वीकृत बजेट ........ 9

११.२ शिक्षालय आय व्यय र खाताको विवरण ........ 10

१२. शिक्षालयमा संचालित कार्यक्रम र विधार्थी विवरण ........ 10

१३. सार्वजनिक निकायको वेवसाइट ........ 10

अनुसूची: ........ 11

## १. शिक्षालयको स्वरूप र प्रकृति

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) नेपालको एक महत्वपूर्ण संस्था हो जुन देश भरी प्राविधिक शिक्षा र व्यावसायिक तालीमलाई बढावा दिन समर्पित छ | वि.स. २०४५ सालमा स्थापीत CTEVT शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहत संचालित छ। वि.स. २०७७ सालमा सर्लाही जिल्लाको बलरा नगरपालिका वार्ड नं. -४ मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को आंगिक शिक्षालय रुपमा बलरा बहुप्राविधिक शिक्षालयको स्थापना भएको हो | यो शिक्षालयले सुरुवाती चरणमा श्री रामसखी मोहित सिंह् जनता माध्यमिक विधालय बलराको भवनमा डिप्लोमा इन सिभिल इन्जिनियरिंग कार्यक्रम संचालन गरेको थियो | श्री रामसखी मोहित सिंह् जनता माध्यमिक विधालय बलराले भोगचलनको लागि यस शिक्षालयलाइ जम्मा क्षेत्रफल  २-७-१० विगहा जग्गा उपलव्ध गराएको छ | सर्लाही जिल्ला क्षेत्र नम्बर ४ का माननीय सांसद श्री अमरेश कुमार सिंह् ज्युले यस शिक्षालयको लागि जम्मा ५ विगहा जग्गा उपलव्ध गराउने प्रतिवद्धता जनाउनु भए अनुसार विद्यालय वाट २-७-१० विगहा, ०-८-१० जग्गा यस शिक्षालयको नाममा खरिद गरि दिनु भएको र वांकी खरिद प्रकृयामा रहेको छ | यसरी प्राप्त भएको जग्गामा CTEVT वाट एउटा शैक्षिक भवनको निर्माण भएको छ | हाल शिक्षालय आफ्नो भवनमा संचालित छ |

## २. शिक्षालयको काम कर्तव्य र अधिकार

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन २०४५, नियमावली २०५१, सेवा शर्त सम्बन्धी विनियमावली, आर्थिक प्रशासन सम्बन्धी विनियमावली, प्राविधिक शिक्षालय संचालन सम्बन्धी विनियमावली २०४९ तथा नेपाल सरकारको प्रचलित कानुन बमोजिम विनियोजित बजेटको अधिनमा रही भौतिक संरचना निर्माण गर्ने, कार्यशाला/ल्याव व्यवस्थापन गर्ने र परिषद कार्यालयबाट स्वीकृत प्राविधिक शिक्षाका कार्यक्रमहरु तोकिएको पाठयक्रम अनुसार प्रभावकारी रुपले संचालन गर्ने |

## ३. शिक्षालयको संगठन संरचना, कर्मचारी संख्या र कार्य विवरण

### ३.१ शिक्षालय संचालक समिति :

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को प्राविधिक शिक्षालय संचालन सम्बन्धी विनियमावली २०४९ मा व्यवस्था भए अनुसार हाल यस शिक्षालय संचालक समितिमा रहनुहुने पदाधिकारीहरुको विवरण तपसिल अनुसार रहेको छ |

**तपसिल:**

| क्र.सं. | नाम थर | कार्यालय | पद | कैफियत |
|---|---|---|---|---|
| १. | श्री गोपाल कुमार अधिकारी | प्र.जि.अ.,जिल्ला प्रशासन कार्यालय , सर्लाही | अध्यक्ष | |
| २. | श्री तारापति खरेल | ईकाइ प्रमुख, शिक्षा विकास तथा समन्वय, सर्लाही | सदस्य | |
| ३ . | श्री आजाद कुमार सिंह | प्रतिनिधि, बलरा नगरपालिका | सदस्य | |
| ४. | श्री मणि भुषण सिंह | वडा अध्यक्ष, वडा नं.-४, बलरा नगरपालिका | सदस्य | |
| ५. | श्री बिरेन्द्र झा | प्र.अ., श्री रामसखी मो .ज.मा.विधालय बलरा | सदस्य | |
| ६. | श्री ऋषि राज झा | कार्यक्रम संयोजक, बलरा बहुप्राविधिक शिक्षालय | सदस्य | |
| ७. | श्री राम शंकर यादव | कर्मचारी प्रतिनिधि, बलरा बहुप्राविधिक शिक्षालय | सदस्य | |
| ८. | श्री राजेश प्रसाद जैसवाल | शिक्षालय प्रमुख, बलरा बहुप्राविधिक शिक्षालय | स. सचिव | |

### ३.२ शिक्षालय व्यवास्थापन समिति :


प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को प्राविधिक शिक्षालय संचालन सम्बन्धी विनियमावली २०४९ मा व्यवस्था भए अनुसार हाल यस शिक्षालय व्यवास्थापन समितिमा रहनुहुने पदाधिकारीहरुको विवरण तपसिल अनुसार रहेको छ |

**तपसिल:**

| क्र.सं. | नाम थर | कार्यालय | पद | कैफियत |
|---|---|---|---|---|
| १. | श्री राजेश प्रसाद जैसवाल | शिक्षालय प्रमुख, बलरा बहुप्राविधिक शिक्षालय | अध्यक्ष | |
| २. | श्री ऋषि राज झा | कार्यक्रम संयोजक, बलरा बहुप्राविधिक शिक्षालय | सदस्य | |
| ३ . | श्री मुकेश कुमार यादव | कर्मचारी प्रतिनिधि, बलरा बहुप्राविधिक शिक्षालय | सदस्य | |
| ४. | श्री संजय कुमार यादव | लेखापाल, बलरा बहुप्राविधिक शिक्षालय | सदस्य | |
| ५. | श्री अमोद कुमार साह | प्रशासकीय सहायक, बलरा बहुप्राविधिक शिक्षालय | स. सचिव | |

## ३.३ शिक्षालय संगठन संरचना :

बलरा बहुप्राविधिक शिक्षालयको हालको सांगठानिक संरचना देहाय बमोजिम रहेको छ |




## ३.४ कर्मचारी संख्या :

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् द्वारा हाल सम्म यस शिक्षालयको O & M Survey नभएको हुँदा दरवन्दी श्रृजना हुन सकेको छैन | परिषद अन्तरगतको अन्य शिक्षालयवाट १ जना स्थायी कर्मचारी काज सरुवामा रही कार्यरत रहनु भएको छ | यसका अतिरिक्त आ.व. ०८० /०८१ मा यस शिक्षालयमा १३ जना सेवा करारमा, ५ जना आंशिक र २ जना कम्पनी ठेक्कामा गरी जम्मा २१ जना प्रशिक्षक तथा कर्मचारी कार्यरत रहेका छन् |

## ३.५ कार्य विवरण :

प्रशिक्षक तथा कर्मचारीहरुको कार्य विवरण तपसिल बमोजिम रहेको छ |

| क्र.सं. | पद | कार्य विवरण | कैफियत |
|---|---|---|---|
| १ | शिक्षालय प्रमुख | शिक्षालय व्यवस्थापन (प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, नियमावली, विनियमावलीले तोके बमोजिम) | |
| २ | विभागीय प्रमुख /प्रशिक्षक/ सहायक प्रशिक्षक | प्रशिक्षण/प्रयोगात्मक अभ्यास तथा तोकिए बमोजिम थप जिम्मेवारी | |
| ३ | प्रशासकीय सहायक/स्टोर किपर | प्रशासन/ स्टोर तथा तोकिए बमोजिम थप जिम्मेवारी | |
| ४ | लेखापाल | लेखा तथा तोकिए बमोजिम थप जिम्मेवारी | |
| ५ | सवारी चालक | कार्यालयको सवारी चालक तथा तोकिएको कार्य | |
| ६ | कार्यालय सहयोगी | तोकिएको कार्य विवरण अनुसार | |
| ७ | सरसफाई कर्मचारी | शिक्षालयको सरसफाई तथा तोकिएको कार्य | |
| ८ | सुरक्षा गार्ड | शिक्षालयको सुरक्षा | |

## ४ . शिक्षालयवाट प्रदान गरिने सेवा, लाग्ने दस्तुर अवधि

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन २०४५ बमोजिम कार्यक्षेत्र सम्बद्ध तथा नेपाल सरकारको प्रचलित कानुनद्वारा तोकिएको कर्यहरुसंग सम्बन्धित सेवाहरु शिक्षालयले प्रदान गर्दै आइरहेको छ | सुचनाको सम्बन्धमा सुचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ७ ले तोकेको अवधिभित्र र अन्यका हकमा नागरिक वडापत्रमा तोके बमोजिम र विशेष कानुनले तोकेकोमा सोहि बमोजिम शिक्षालयले सेवा प्रदान गर्ने गर्दछ | यस शिक्षालयबाट प्रदान गरिने सेवा प्राप्त गर्न लाग्ने समय, लाग्ने दस्तुर र समय अवधि शिक्षालयको नागरिक वडापत्र अनुसूची १ मा उल्लेख गरिएको छ |

## ५ . निर्णय गर्ने प्रक्रिया र अधिकारी

शिक्षालयका शिक्षालय प्रमुखले विषयको प्रकृति हेरी सो संग सम्बन्धित शाखाहरुमा आवश्यक कारवाहीको लागि पठाउने र शाखा प्रमुखहरुबाट कारवाही अगाडी बढाउने गरिएको छ |

## ६ . निर्णय उपर उजुरी सुन्ने अधिकारी

शिक्षण /प्रशिक्षणसंग सम्बन्धित प्रशिक्षार्थीहरुको निवेदन तथा उजुरी उप निर्णय गर्ने प्रक्रिया र अधिकारी सम्बन्धित संकायको विभागीय प्रमुख रहनु हुने छ र शुल्क तथा अन्य विषयसंग सम्बन्धित निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी शिक्षालय प्रमुख श्री राजेश प्रसाद जैसवाल रहनु हुने छ |

## ७. सेवा प्रदान गर्ने शिक्षालयको शाखा र जिम्मेवार अधिकारी

| क्र.सं. | शिक्षालयको शाखा | जिम्मेवार अधिकारी | जिम्मेवार अधिकारीको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | शिक्षालय | शिक्षालय प्रमुख | राजेश प्रसाद जैसवाल | |
| २ | सिभिल इन्जिनियरिंग | सिभिल विभाग प्रमुख | ऋषि राज झा | |
| ३ | प्रशासन | प्रशासकीय सहायक | अमोद कुमार साह | |
| | लेखा | लेखापाल | संजय कुमार यादव | |
| ४ | जिन्सी | प्रशासकीय सहायक | अमोद कुमार साह | |
| | परिक्षा | प्रशिक्षण सहायक | रघुबीर साह कलवार | |
| ५ | पुस्तकालय | प्रशिक्षण सहायक | रघुबीर साह कलवार | |

## ८. सम्पादन भएका मुख्य कार्यहरुको विवरण

यस शिक्षालयवाट २०८१ श्रावण देखि असोज मसान्तसम्म सम्पादन भएका मुख्य कार्यहरु देहाय बमोजिम रहेका छन् |

- शैक्षिक सत्र २०८१/०८२ को लागि भर्ना सम्बन्धी प्रकाशित सुचना बमोजिम १३ जना विद्यार्थी डिप्लोमा इन सिभिल इन्जिनियरिंग संकायमा भर्ना भएको तथा भर्ना प्रकृया जारी रहेको |
- शैक्षिक Calender अनुसार कक्षा सुचारु रहेको |
- तेस्रो वर्ष दोस्रो खण्डका विद्यार्थीहरुको Survey Camp सम्पन्न भएको |

## ९. सुचना अधिकारी र प्रमुखको नाम र पद

**<u>सुचना अधिकारी</u>**

नाम: ऋषि राज झा

पद: निर्माण प्रशिक्षक

सम्पर्क नं.: ९८५४०४४०२२ & ९८४५४३५२७१

इमेल : balaractevt@gmail.com

**<u>शिक्षालय प्रमुख</u>**

नाम: राजेश प्रसाद जैसवाल

पद: शिक्षालय प्रमुख

सम्पर्क नं.: ९८५४०४४०२०

इमेल : jaisawal@gmail.com

## १०. ऐन, नियम वा  निर्देशिकाको सूची

### ऐन

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन २०४५

### नियमावली

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली २०५१

### विनियमावली

- प्राविधिक शिक्षालय संचालन सम्बन्धी विनियमावली २०४९
- आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०५८,
- कर्मचारी सेवा शर्त तथा सुविधा सम्बन्धी विनियमावली २०६९ (छैटौं संशोधन)

### निर्देशिका

- डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परिक्षा संचालन सम्बन्धी निर्देशिका, २०८०
- डिप्लोमा तथा प्रमाणपत्र तह तथा प्रि-डिप्लोमा तहको प्रयोगात्मक परिक्षा संचालन सम्बन्धी निर्देशिका, २०७९

## ११. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्यावधिक विवरण

### ११.१ स्वीकृत बजेट

चालु आर्थिक वर्ष का लागि यस शिक्षालयको स्वीकृत बजेट देहाय अनुसार रहेको छ |

| शिर्षक | बिनियोजन | खर्च | बाँकी | प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| चालु | १,३४,१५,०००/- | २१,५४,७७२/३० | १,१२,६०,२२७/७० | १६.०६% | |
| पुँजीगत | ४०,५०,०००/- | | ४०,५०,०००/- | | |
| कुल जम्मा | १,७४,६५,०००/- | २१,५४,७७२/३० | १,५३,१०,२२७/७० | १२.३७% | |

### ११.२ शिक्षालय आय व्यय र खाताको विवरण

चालु आर्थिक वर्षमा शिक्षालयको आय व्यय र खाताको विवरण देहाय अनुसार रहेको छ|

| शिर्षक | आम्दानी | खर्च | बाँकी रकम |
|---|---|---|---|
| आर्जन | ५,८०,११५/- | | |
| जगेडा | ६,२५,५४२/- | | |
| धरौटी | ३,६४,०००/- | | |

## १२. शिक्षालयमा संचालित कार्यक्रम र विधार्थी विवरण

### शिक्षालयमा स्वीकृत कार्यक्रम

| क्र.सं. | कार्यक्रम | कोटा | कफियत |
|---|---|---|---|
| १ | डिप्लोमा इन सिभिल इन्जिनियरिंग | ४८ | |
| २ | डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिंग | ४८ | |
| ३ | डिप्लोमा इन मेकानिकल इन्जिनियरिंग | ४८ | |

### शिक्षालयमा संचालित कार्यक्रम र प्रशिक्षार्थी संख्या

| क्र.सं. | कार्यक्रम | कोटा | भर्ना संख्या | | कैफियत |
|---|---|---|---|---|---|
| १ | डिप्लोमा इन सिभिल इन्जिनियरिंग | ४८ | पास आउट | २६ | |
| | | | दोस्रो वर्ष/ प्रथम खण्ड | १३ | |
| | | | तेस्रो वर्ष/ प्रथम खण्ड | १२ | |
| | | | तेस्रो वर्ष/दोस्रो खण्ड | १५ | |
| | | | नयाँ भर्ना जारी | १२ | |

## १३. सार्वजनिक निकायको वेवसाइट

www.bpictevt.edu.np

## अनुसूची:

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

# बलरा बहुप्राविधिक शिक्षालय

बलरा न.पा.-४, सर्लाही
मधेश प्रदेश (नेपाल)

# नागरिक वडा-पत्र

| क्र.सं. | प्रदान गरिने सेवा/सुविधा | सेवाग्राहीले पेश गर्नुपर्ने कागजात | लाग्ने शुल्क रु. | समयावधि | सम्बन्धित शाखा/फाँट | समयमा सेवा प्राप्त नभएमा उजुरी सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १. | **नियमित शैक्षिक कार्यक्रम:**<br>१. डिप्लोमा ईन सिभिल ईन्जिनियरिंग | क) आवेदन फारमका साथ एस.एल.सी/एस.ई.ई./ प्रि-डिप्लोमाको चारित्रिक प्रमाण-पत्र तथा लाब्धांक पत्र र मूल प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि<br>ख) कोटा अनुसारको अन्य आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपि<br>ग) नागरिकता/जन्म दर्ता/ नावालिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि<br>घ) पासपोर्ट (३५X४५ mm) साईजको ३ प्रति फोटो | क) भर्ना आवेदन फारम शुल्क CTEVT ले तोके अनुसार<br>ख) तिन बर्ष अवधिको लाग्ने जम्मा शुल्क रु. ४५०००/- मात्र (पैतालिस हजार मात्र) ६ किस्तामा तिर्न सक्ने । | फारम बितरण, प्रवेश परीक्षा संचालन, नतिजा प्रकाशन र भर्ना प्रक्रिया प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद द्वारा प्रकाशित सुचना अनुसार | परीक्षा, प्रशासन, लेखा तथा सम्बन्धित विभाग | शिक्षालय प्रमुख |
| २. | छोटो अवधिका तालीमहरु संचालन गर्ने (समुदाय/ बजारको माँग अनुसार) | क) तालीमको प्रकृति अनुसारको योग्यता<br>ख) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि<br>ग) पासपोर्ट (३५x४५mm) साईजको ३ प्रति फोटो | क) नियमितको लागि नि:शुल्क<br>ख) प्रायोजितको लागि लागि स:शुल्क (आपसी समभ्कदारीबाट शुल्क तय गरिने) | पाठ्यक्रममा तोकिए अनुसार | प्रशासन तथा सम्बन्धित विभाग | |
| ३. | **प्रमाण-पत्रहरु**<br>१. चारित्रिक प्रमाण-पत्र | क) निवेदन साथ ट्रास्क्रिप्टको प्रतिलिपि<br>ख) **CTEVT** द्वारा प्रदान गरिएको प्रमाण-पत्रको प्रतिलिपि<br>ग) माईग्रेशन प्रमाण-पत्रको प्रतिलिपि<br>घ) पासपोर्ट साईजको २ प्रति फोटो | रु. ५००/- | सोही दिन | परीक्षा शाखा | शिक्षालय प्रमुख |
| | २. जो जस संग सम्बन्धित छ | निवेदन | रु.१००/- | सोही दिन | परीक्षा तथा प्रशासन शाखा | शिक्षालय प्रमुख |
| | ३. कोर्ष पुरा गरेको सिफारिस पत्र | निवेदन साथ क्लियरेन्स/बर बुभ्कारथ गरेको प्रमाण पत्रको प्रतिलिपि | रु.१००/- | सोही दिन | परीक्षा शाखा | शिक्षालय प्रमुख |
| ४. | **प्रदान गरिने अन्य सेवा सुविधाहरु संस्था वा व्यक्तिको अनुरोधमा** ईन्जिनियरिंग संबन्धित प्राविधिक परामर्श सेवा लगाएत जनचेतना सम्वन्धि सेवा प्रदान गर्नसकिने | **निवेदन / पत्र** | आपसी समभ्कदारीबाट तय गरिने | आवश्यकता अनुसार | सम्बन्धित विभाग तथा प्रशासन | |
| ५. | **सूचना प्रदान गरिने** | मौखिक, लिखित, टेलिफोन सम्पर्क | नि:शुल्क | सोहि दिन/ तत्काल | प्रशासन शाखा | |

सम्पर्क नम्बर: ९८५४०४४०२१, ९८५४०४४०२२ www.bpictevt.edu.np इमेल: balaractevt@gmail.com